# माधव नारायण नगरपालिका
# Madhav Narayan Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

माधोपुर, रौतहट
Madhopur, Rautahat,
प्रदेश नं.२, नेपाल
Province No. 2, Nepal

सम्पर्क : ९८५५०४०८२९
९८५५०४४०२५
९८५५०४०४१७


**प्राविधिक सहायक करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।**
**(प्रथम पटक प्रकाशित मिति २०७७/०४/२५)**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को प. सं. ०७७/७८, च. नं. PMEP / २३, मिति २०७७/०४/१२ को प्राप्त पत्रानुसार यस नगरपालिकाको कार्यालयमा सञ्चालित रोजगार सेवा केन्द्रका लागि प्राविधिक सहायकको पद करार सेवामा पदपूर्ति गर्नु पर्ने भएको हुँदा तपसिल बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक विवरण तथा राजश्व तिरेको रसिद सहित यस नगरपालिकाको कार्यालय वा madhavnarayangapa@gmail.com मा दरखास्त दिनु हुन अनुरोध छ ।

| क्र. सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/२०७७/७८ | प्राविधिक सहायक | सहायक स्तर पाँचौ वा सो सरह | १ |

१) आवश्यक न्यूनतम योग्यता र अनुभव :-

क) योग्यता :- सिभिल ईञ्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा उत्तीर्ण भएको ।

ख) अनुभव र सीप :- प्राविधिक सहायकमा देहाय बमोजिमको अनुभव र सीप हुनु पर्नेछ :-

- कम्तीमा तीन महिने तालिम लिई आधारभूत कम्प्युटर सम्बन्धी सीप भएको,
- पूर्वाधार निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार तथा विश्लेषण गर्न सक्ने,
- आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको

ग) उमेर :- कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

२) दरखास्त दिने स्थान :- माधव नारायण नगरपालिकाको कार्यालय, माधोपुर, रौतहट वा madhavnarayangapa@gmail.com

३) दरखास्त दिने अन्तिम मिति :- २०७७/०५/०७ गते आईतवार

४) आवेदन दस्तुर :- रु. १,०००।- (सिद्धार्थ बैंक लिमिटेड, माधव नारायण शाखा खाता नं. ग-४-१ ००२१५३८१२३२)

५) छनौटको प्रक्रिया :- प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन तथा लिखित परीक्षा

६) आवेदन सहित संलग्न गर्नु पर्ने कागजातहरु :-

- नेपाली नागरिकताको प्रतिलिपि - १ थान
- फोटो सहितको व्यक्तिगत विवरण - १ थान
- न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाण पत्र - १ थान
- चारित्रिक प्रमाण पत्र - १ प्रति
- अनुभव खुल्ने कागजात - १ प्रति
- पासपोर्ट साईजको फोटो - २ प्रति

७) सेवा सुविधा :- गाउँपालिका/ नगरपालिका प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

८) सम्पादन गर्नु पर्ने कार्य विवरण :- गाउँपालिका/ नगरपालिका प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

द्रष्टव्य :- आवेदन फारम नगरपालिकाको कार्यालय, माधोपुर, रौतहट वा www.madhavnarayanmun.gov.np डाउनलोड गर्न सकिने छ । साथै प्राविधिक सहायक पदको कार्य विवरण लगायत अन्य जानकारी www.pmep.gov.npमा उपलब्ध छ ।

प्रलव कायस्थ
प्रमुख प्रशासकीय अधिकृत